**मुख्यमन्त्री**

## कोशी प्रदेश, विराटनगर नेपाल

# शुभकामना

लोकतन्त्र दिवस, २०८१ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली बुवाआमा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यस अवसरमा नागरिक अधिकार सुनिश्चित गर्दै लोकतान्त्रिक शासन प्रणाली स्थापनाका लागि भएका संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, मुलुकमा लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनहरूलाई मार्गदर्शन गर्नुहुने अग्रजहरूप्रति हार्दिक सम्मान एवम् श्रद्धा प्रकट गर्दछु ।

वि. सं. २०६२/०६३ को दोस्रो जनआन्दोलनबाट मुलुकमा लोकतन्त्र स्थापना भएको गौरवपूर्ण र अविस्मरणीय दिनलाई यो दिवसका रुपमा स्मरण गर्दै आएका छौं । मुलुकमा आज हामीले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको जग २००७ सालको क्रान्तिबाट नै निर्माण भएको हो । विभिन्न आन्दोलनबाट प्राप्त वर्तमान लोकतन्त्रिक शासन व्यवस्थाले सहिदको मार्गदर्शन, जनताको आवश्यकता र आकांक्षालाई मूर्त रूप दिनु हामी सबैको परम कर्तव्य हो। यसका लागि हामीले मानवीय विकास, सामाजिक न्याय, समाजिक सद्भाव तथा आर्थिक समुन्नतिलाई राष्ट्रको मूल लक्ष्य बनाउनु पर्दछ । राज्यशक्तिको स्रोत नै जनता हुन् भन्ने मान्यतामा आधारित रही लोकतान्त्रिक मूल्य मान्यतालाई जीवन पद्धति बनाउन सके लोकतन्त्र दिवसको सार्थकता पुष्टि हुन्छ ।

लोकतन्त्रका मूल्य, मान्यता र आदर्शहरुलाई स्थापित गर्नु अहिलेको हाम्रो मुख्य कार्यभार हो । लोकतन्त्र सिद्धान्त हो । यो हाम्रो चिन्तन, जीवन पद्धति र व्यवहार पनि हो। यसको विकास, विस्तार र सुदृढीकरण निरन्तर चलिरहने प्रक्रिया हो। लोकतन्त्रको समीक्षा यसको अभ्यासबाट हुने गर्छ। जिम्मेवार निकायबाट लोकतन्त्रको व्यवहारिक अभ्यास भएमात्र जनस्तरबाट यसप्रति गहिरो विश्वास आर्जन गर्न सकिन्छ । लोकतन्त्रप्रतिको साँचो प्रतिबद्धता र यसको रक्षाको दायित्व हामी सबैको कर्तव्य हो। मानवीय क्षमताको विकास गर्न प्रदेश सरकारले बालबालिकाको शिक्षा र स्वास्थ्यको क्षेत्रमा कार्य गरिरहेको छ । समतामुलक विकासका लागि गरिब, विपन्न, कथित दलित, भूमिहीन सुकुम्बासीका समस्या समाधान गर्न क्रियाशील छ । कृषि, पर्यटन, औद्योगिक क्षेत्रको विकास मार्फत रोजगारीको सिर्जना गरी लोकतन्त्रका लाभहरुको समन्यायिक वितरणका लागि कोशी प्रदेश सरकार प्रयत्नशील छ । यसका लागि संविधान प्रदत्त अधिकार उपभोगका लागि संघीय सरकारले आवश्यक ऐन, नियम निर्माण गरि संविधानको पूर्ण कार्यान्वयन अहिलेको अपरिहार्यता हो ।

अन्तमा, नेपालको संविधानप्रति प्रतिवद्ध रहँदै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा साकार बनाउन हामी सबैमा प्रेरणा प्राप्तिको कामना गर्दै लोकतन्त्र दिवसको शुभकामना व्यक्त गर्दछु

२०८१ बैशाख ११ गते मंगलबार ।

नेपाल संवत् ११४४ चौलाथ्व पुन्हि ।

**केदार कार्की**
**मुख्यमन्त्री**